कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुर्खेत

वीरेन्द्रनगर, सुर्खेत

"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

## काठ उपचार उद्योग (Wood Seasoning Plant) स्थापना सम्बन्धी प्रस्ताव आव्हानको सूचना

*प्रथम पटक प्रकाशित मितिः२०८१/१०/११*

डिभिजन वन कार्यालय सुर्खेत, वीरेन्द्रनगर, सुर्खेतको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम काठलाई उपचार (Wood Seasoning) गरी काठको गुणस्तर तथा आयु वृद्धि गर्नको लागि ***निजी क्षेत्रसंगको साझेदारीमा तपशिल बमोजिमको काठ उपचार उद्योग* (Wood Seasoning Plant) *स्थापना*** गर्न बजेट विनियोजन भएको हुँदा डिभिजन वन कार्यालय सुर्खेतको कार्यक्षेत्र भित्र काठ उपचार उद्योग (Wood Seasoning Plant) **तोकिएको लागत सहभागितामा** स्थापना तथा सञ्चालन गर्न ईच्छुक काठमा आधारित उद्योग सञ्चालन तथा व्यवस्थापनमा अनुभव भएका कानून बमोजिम स्थापित संघ/संस्था/फर्म/समूहहरुबाट **कम्तिमा १० (दश) वर्षे व्यवसायिक योजना सहितको प्रस्ताव** आव्हानको लागि प्रथम पटक यो सूचना आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी सिलबन्दी प्रस्ताव सहित आवेदन पेश गर्न आव्हान गरिन्छ। कार्यक्रम सञ्चालन उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि २०८१, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ। प्रस्ताव सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइट **www.dfosurkhet.gov.np** हेर्न वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपशिल

| क्र.सं. | बजेट उपशिर्षक | कार्यक्रमको नाम | एकाई परिमाण | बजेट (रु.) लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिगो वन विकास तथा व्यवस्थापन कार्यक्रम | निजी क्षेत्रसंगको साझेदारीमा काष्ठ उपचार उद्योग (Wood Seasoning Plant) स्थापना | १ गोटा | ४० | |

२०८१/१०/११
चित्रण शर्मा
वरिष्ठ वन अधिकृत (आठौं)

इत्राम, वीरेन्द्रनगर-७, सुर्खेत
फोन नं. : ०८३-५२०२५५
website: www.dfosurkhet.gov.np
e-mail: surkhetdfo@gmail.com

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय सुर्खेत

वीरेन्द्रनगर, सुर्खेत

२०८१।१०।११
बसन्तबाबु श्रेष्ठ
का.मु. डिभिजनल वन अधिकृत
क.स.नं. १३८८३९

"व्यवसायिक र सिर्जनशिल प्रशासनः विकास, समृद्धि र सुशासन"

## आवश्यक कागजातहरु

क) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन एकीकृत कार्यविधि २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा निवेदन।

ख) कार्यक्रमको आवश्यकता र औचित्य, कार्यक्रम सम्पन्न गर्न लाग्ने समय र लागत सहभागिता, सृजना हुने रोजगारी, मितव्ययिता, पारदर्शिता र प्रतिष्पर्धा, कार्यक्रमको दिगोपना, अनुदान रकम लक्षित कार्यमा नै सदुपयोग हुने स्पष्ट कार्ययोजना सहित बुँदा (ख) देखि (द) सम्मका विवरणहरु समेटी तयार पारिएको प्रस्ताव पत्र।

ग) गोलिया काठको चिरान, प्रशोधन मूल्य अभिवृद्धि, उत्पादन विविधीकरण गर्ने उद्देश्यले कानून अनुरुप दर्ता तथा स्थापना भएको प्रमाणित कागजात।

घ) उद्योगले वार्षिक नवीकरण गरेको र गत आ. व. को करचुक्ता प्रमाणपत्र।

ङ) सिजनिङ्ग प्लाण्ट सञ्चालनको कम्तिमा १० (दश) वर्षे व्यवसायिक योजना।

च) कित्ता नं. देखिने नापी शाखाबाट हालसालै प्रमाणित वार्ड नक्शा, मालपोत तिरो तिरेको रसिद र जग्गाधनी पुर्जाको छाँयाप्रति (लिजमा लिएको भए सम्झौता)।

छ) विगतका आ.व.मा गरेको आर्थिक कारोबारको विवरण।

ज) विगतका आ.व.मा गोलिया काठ चिरान र प्रशोधन गरेको विवरण।

झ) पूँजी लगानीको क्षमता खुल्ने प्रमाण, वित्तिय विश्लेष्ण, लागत-लाभ विश्लेषण (Cost Benefit Analysis) आदि।

ञ) भौतिक पूर्वाधारको अवस्था खुल्ने प्रमाण।

ट) गोलिया काठको चिरान, प्रशोधन, फोहोरमैला व्यवस्थापन गर्ने तरिका।

ठ) सिजनिङ्ग प्लान्ट सञ्चालन गरी गरिने उत्पादनको विविधिकरणको प्रकार।

ड) वार्षिक काठ सिजनिङ्ग क्षमता तथा सिजनिङ्ग प्लाण्ट सञ्चालनको मोडेल।

ढ) रोजगारी सिर्जनाको क्षमता।

ण) सरोकारवाला निकायहरुसंगको भूमिकाको बारेमा विश्लेष्ण।

त) वातावरणीय तथा सामाजिक क्षेत्रमा प्रभावको विश्लेषण।

थ) वार्षिक कडा काठ र नरम काठ प्रजाति खपतको प्रस्तावित अनुपात।

द) अन्य आवश्यक केहि विवरण भए संलग्न गर्ने।

२०८१।१०।११
चित्रण शर्मा
वरिष्ठ वन अधिकृत (आठौं)

इत्राम, वीरेन्द्रनगर-७, सुर्खेत
फोन नं. : ०८३-५२०२५५
website: www.dfosurkhet.gov.np
e-mail: surkhetdfo@gmail.com